# खैरहनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

खैरहनी, चितवन
बागमती प्रदेश, नेपाल

फोन ०५६- ५८२८८५
०५६- ५८२००६

प.सं. : २०७९/०८० कृषि शाखा
च.नं. :

## मकैबाली प्रवर्द्धन कार्यक्रममा सहभागिताको लागि सुचिकृत हुने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/१२/०९

खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको चालु आ.ब. २०७९/०८० को संघिय सरकारबाट हस्तान्तरीत **मकैबाली प्रवर्द्धन कार्यक्रम** संचालनका लागि मिति २०७९/१२/०५ गते बसेको यस नगरपालिकाको आर्थिक विकास समितिको बैठकको निर्णयानुसार यस कार्यक्रम तर्फ हाईब्रिड मकै उत्पादन गरि दाना बनाउने उद्योगहरुलाई मकै बिक्रि वितरण गर्न ईच्छुक उत्पादक कृषक/फर्महरुले यस कार्यक्रम अर्न्तगत संचालन हुने प्रोत्साहन अनुदान कार्यक्रममा सहभागिताको लागि यो सुचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०७९/१२/२३ गते) भित्र तपशिल बमोजिमका कागजातहरु संलग्न राखि सुचिकृत हुनका लागि रितपूर्वक निवेदन पेश गर्नुहुन सम्बन्धित सम्पुर्ण सरोकारवालाहरुलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिलः**

निवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. निवेदन (यस सूचना साथ संलग्न ढाँचामा),
२. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी फर्मको हकमा,
३. करचुक्ता प्रमाण पत्रको प्रतिलिपी फर्मको हकमा,
४. नगरपालिकामा व्यवसाय दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपी फर्मको हकमा,
५. आफ्नो खेतबारीको मकै खेती गरेको पुरा भाग देखिने फोटो थान-१
६. कार्यक्रममा समावेश हुने कृषकहरुको खेती गरिने जग्गाको चालु आ.व.को एकिकृत सम्पती कर ( मालपोत) तिरेको रसिदको प्रतिलिपी,

पुनश्च : थप जानकारीको लागि खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि शाखा (९८४९९५५१५१, ९८४१८१४४२१, ९८४५१०५४९७) मा सम्पर्क राख्न सकिने छ ।

*नोटः अन्तिम दिन सार्वजनिक बिदा परेमा सो दिनको भोलिपल्ट सम्म निवेदन गर्ने म्याद कायम रहने छ ।*

पुरुषोत्तम शर्मा
प्रमुख प्रशासकीय अधिकृत
(उपसचिव)

मितिः

श्रीमान प्रमुख प्रसासकिय अधिकृत ज्यु,

नगर कार्यपालिकाको कार्यालय,

खैरहनी नगरपालिका, खैरहनी, चितवन

बिषयः हाइब्रिड मकै किसान सुचिकृत गरिदिने बारे

उपर्युक्त सम्बन्धमा, यस खैरहनी नगरपालिका, नगर कार्यपालिका कार्यालयको चालु आ.व.२०७९/०८० को संघीय सरकारबाट हस्तान्तरित मकैबाली प्रबर्दन कार्यक्रमका लागि म/हामी हाइब्रिड मकै उत्पादन गरि दाना बनाउने उद्योगहरुलाई मकै बिक्रि वितरण गर्न इच्छुक भएको र मैले/हामीले उत्पादन गर्ने मकै उत्पादनको विवरण तपसिलमा उल्लेख गरेको जानकारी गराउन चाहन्छौ । साथै, यस कार्यक्रममा सहभागी हुनका लागि आवस्यक कागजात यसै निबेदन साथ उल्लेख गर्दै यस मकैबाली प्रबर्दन कार्यक्रममा सहभागिताको लागि सुचिकृत गरिदिनुहुन अनुरोध छ ।

तपशिल :

कृषक / कृषि फर्मको नाम :

हाल हाइब्रिड मकै लगाएको जग्गा छेत्रफल (कठ्ठामा):

हाल लगाइएको हाइब्रिड मकैको जात :

अनुमानित उत्पादन (केजी):

अनुमानित बिक्रि परिमाण (केजी):

निवेदक

नाम

ठेगाना

सम्पर्क नं.

हस्ताक्षर